मिति : २०८०/०७/०२, कापा बैठक संख्याः१०-०८०/८१

स्तावहरु

१०.१. जग्गा बर्गिकरण सम्बन्धमा,

१०.२. राजस्व सम्भाव्यता अध्ययन तथा सुधार कार्ययोजना स्वीकृत सम्बन्धमा,

१०.३ जग्गा नापजाँच सम्बन्धमा

र्णयहरु

**१०.१. जग्गा बर्गिकरण सम्बन्धमा,**

यस कञ्चन गाउँपालिकाको स्थानीय भू-परिषद्को मिति २०७९/१२/०५ गतेको बैठकबाट पारित जग्गा बर्गिकरण सम्बन्धी मापदण्ड अनुसार तयार भएको कित्तागत विवरणमा केही जग्गाको बर्गिकृत विवरण फरक परेको हुँदा मापदण्ड अनुसार नै हुने गरी संशोधन/परिमार्जन गरी सम्बन्धित निकायमा पठाउने ।

**१०.२. गाउँपालिकाको राजस्व सम्भाव्यता अध्ययन तथा सुधार कार्ययोजना स्वीकृत सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको राजस्व सम्भाव्यता अध्ययन तथा सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन स्वीकृत गरी सेवा प्रदायक संस्था पानारोमा रिसर्च सेन्टर प्रा.लि. अनामनगर काठमाडौंलाई भुक्तानी दिने ।

**१०.३. जग्गा नापजाँच सम्बन्धमा,**

कञ्चन गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँच तथा डिजिटाइजेशनको कार्य जनशक्ति अभावका कारण बिचमा स्थगित भएको साथै मौजुदा जनशक्तिबाट काम गर्न असम्भव भएकोले उक्त कार्य गर्न सक्ने खालको १ जना नापी अधिकृत र १ जना सर्वेक्षक नापी कार्यालय रूपन्देहीको समन्वयमा उम्मेदवारको वैयक्तित विवरण (C.V.) का आधारमा मौखिक अन्तर्वार्ताद्वारा छनौट गरी प्रचलित Norms अनुसार विज्ञको लागि दिन सकिने पारिश्रमिक उपलब्ध गराउने गरी कम्तीमा ३ महिनासम्म करार सम्झौता गर्नका लागि अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने ।